# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

मितिः २०८०।०६।०७ गते

श्री क्याम्पस प्रमुख /डाइरेक्टरज्यू,
BID/ BJMC/ BMT/ BLAS/ BSW अध्यापन गराउने सम्पूर्ण कलेज/ क्याम्पसहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्धारा कला संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकतह ४ वर्षे BID, BJMC, BMT, BLAS र BSW शैक्षिक कार्यक्रमहरुको **तेश्रो सेमेष्टर**को (सन् 2023 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** तर्फका त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई मिति **२०८०।०७।१२ गतेसम्म** परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको **नबिल बैंक लि.को A/C 00710017518402 मा** मिति **२०८०।०७।१३ गते** भित्र जम्मा गर्नुहुन र सक्कल बैक भौचर (Customer copy) तथा परीक्षा फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा मिति **२०८०।०७।१५ गतेसम्म** गते भित्र उपलब्ध गराउनुहुन जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान.................. यसै पत्र साथ संलग्न गरी पठाइएको छ । साथै, तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालना गरि/गराई दिनुहुन समेत जानकारी गराइएको छ ।

**तपसिलः**

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।

२. **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।**

३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडी कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फाराममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फाराम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।

५. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

६. परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

७. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा विद्यार्थीलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

९. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| **विवरण** | **स्नातकतह** |
|---|---|
| १. नियमित / आंशिक प्रति सेमेष्टर (२०२० समुह देखि) | रु. १५००।- |
| २. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु. १०००।- |
| ३. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु. २०००।- |
| ४. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु. ३०००।- |
| सम्बन्धन शुल्क : | |
| BJMC/ BMT/ BLAS/ BSW | रु.५०००।- |
| BID | रु.६०००।- |

सह-परीक्षा नियन्त्रक

website: www.puexam.edu.np, email: foarts@puexam.edu.np, ठेगानाः पुष्पलाल चौक, बिराटनगर, नेपाल, सम्पर्क नं.: ०२१-४६५२४०